# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रकाशन मितिः २०७७/०११/०२

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना !!!**

रोजगारी सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७ सहित) अनुसार आगामी आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरूले २०७७ फागुन २ गते देखि २०७७ फागुन मसान्त सम्ममा आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई आवश्यक कागजात सहित बेरोजगार दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ । चालु आ.व.मा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूले समेत आगामी आ.व.मा सूचिकृत हुनको लागि नवीकरण गर्नु पर्ने समेत अनुरोध छ।बेरोजगार दर्ताको लागि दिने निवेदन मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np बाट डाउनलोड गर्न वा सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ । निवेदन दिने व्यक्तिले तपशिल उल्लेखित कागजातहरू निवेदन साथ अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । निवेदन दिने व्यक्तिले फाराममा उल्लेखित विवरणहरू पूर्ण रूपमा उपलब्ध नगराएमा वा तोकिएको कागजातहरू पेश नगरेमा उक्त निवेदनहरू रद्द हुने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**निवेदन दिनको लागि आवश्यक कागजातहरूः**

१. निवेदन दिने व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रतिलीपि – एक प्रति
२. निवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो – एक प्रति
३. निवेदन दिने व्यक्तिको एकाघर परिवारका सदस्यहरूको नागरिकताको प्रमाण पत्रको प्रतिलीपि – एक प्रति
४. निवेदन दिने व्यक्तिले कुनै सीपमूलक तालिम लिएको भए उक्त तालिमको प्रमाण पत्रको प्रतलीपि
५. निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएका सदस्य भएमा अपाङ्गता परिचय पत्रको प्रतिलीपि
६. निवेदन वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलीपि

..................
रामहरि खत्री
रोजगार संयोजक

फोन नं. ०११-४०११४१, ०११-४०११४२ वेवसाइटः www.melamchimun.gov.npई-मेल dms.melamchimun.@gmail.com
"मेलम्ची नगर समृद्धिको आधार- कृषि,पर्यटन,उद्योग र जलाधार"

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ ४५८

मिति : २०७७/१०/२५

श्री गाउँपालिका/नगरपालिका, सबै।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : आगामी आ.ब.०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.व. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिनुपर्ने व्यवस्था अवगत नै छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ ।सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागि आवश्यक तयारी कार्य गर्नु हुन मिति २०७७/१०/२२ को निर्णयानुसार (मा.मन्त्रीस्तर) अनुरोध छ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा तपशिलको व्यवस्था तर्फ ध्यानाकर्षण हुन र बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित)को अनुसूची - १ वा https://pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ।

तपशिल:-

(क) यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(ख) न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित वर्ग गरिब तथा समान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले वैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण संकलन गर्नुपर्ने ।

(ग) न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमूलक सेवा सुविधा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(घ) गरिबी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तीनै तहका सरकारको सामूहिक जिम्मेवारी रहेको ।

(ङ) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शि बनाउन रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेकोले स्थानीय तहबाट भए गरेका रोजगारी व्यवस्थापनसंग सम्बन्धित विवरण EMIS मा नियमित र अनिवार्यरुपमा गर्ने व्यवस्था हुन ।

(किसान न्यौपाने)
शाखा अधिकृत